
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३२१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर ३० गते शनिबार ❑ 16 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## काठमाडौँ महानगरका कामबाट संघीय सरकारलाई उत्प्रेरणा मिलेको छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, २९ मंसिर

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्थानीय तहको जग अझ मजबुत बनाउन नीतिगत सुधार गर्दै वित्तीय हस्तान्तरणलाई प्रभावकारी बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

२९औं काठमाडौं महानगर दिवसका अवसरमा आज सैनिक मञ्च टुँडिखेलमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले स्थानीय तहलाई संविधानको मर्म र भावनाअनुरूप स्रोत तथा साधनको व्यवस्था र स्थानीय सरकारको मान्यताअनुसार अधिकारसम्पन्न तुल्याउन सरकारले प्रभावकारी काम गर्ने बताउनुभयो।नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा तीन तहको सरकारको प्रष्ट व्यवस्था गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ तुल्याउन कानुन निर्माण पहिलो प्राथमिकतामा रहेको बताउनुभयो । "सङ्घीय कानुनको निर्माण र व्यवस्थित कार्यान्वयनबाट मात्रै सङ्घीय प्रणालीलाई थप सुदृढ र जनताको हितमा सदुपयोग गर्न सकिन्छ", उहाँले भन्नुभयो, "संवैधानिक अभ्यासमा थप परिपक्वता ल्याउन काठमाडौँमहानगरपालिकालगायत सबै स्थानीय सरकारलाई बलियो बनाउन नेपाल सरकार दृढ छ ।" काठमाडौँ देशको राजधानी मात्र नभएर विश्वकै प्राचीनमध्येको एक सांस्कृतिक सहरका रूपमा रहेको जनाउँदै उहाँले विशिष्ट विशेषता बोकेका कला, संस्कृति, जीवनशैली, खानपानआदिले काठमाडौँलाई खुला सङ्ग्रहालयका रूपमा विश्वमाझ चिनाएको बताउनुभयो । "आदिम वैभवको उचित संरक्षणले काठमाडौँको विशिष्ट वैश्विक पहिचानको जगेर्ना गर्दछ, अर्कोतर्फ पर्यटन प्रवर्द्धनका माध्यमबाट नागरिक जीवनमा सम्पन्नता ल्याउन महत्त्वपूर्ण योगदान पुर्‍याउँछ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "काठमाडौँको विकास, सभ्यता र संस्कृतिको संरक्षण र प्रवर्द्धन एवं यहाँको सौन्दर्य देशकै राष्ट्रिय कार्यभार हुनुपर्दछ ।" पछिल्लो समय काठमाडौँ महानगरले गरेका प्रगतिशील कामलाई आफूले गम्भीरतापूर्वक नियालिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सहरी सौन्दर्य, शिक्षाको व्यवस्थापन एवं विकास, सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन, सांस्कृतिक सम्पदा संरक्षणमा महानगरको पहलले सङ्घीय सरकारलाई सकारात्मक उत्प्रेरणा पैदा गरेको बताउनुभयो। "लागुऔषध, सुर्ती चुरोटलगायत वस्तुमा लगाइएको नियमन, छात्रवृत्ति, रोजगारी सिर्जनालगायत क्षेत्रमा महानगरले जे-जति पहल लिएको छ, यसबाट सरकारलाई समेत उत्प्रेरणा मिलिरहेको छ", उहाँले भन्नुभयो, "यसका निम्ति महानगर प्रमुख, उपप्रमुखलगायत सिङ्गो महानगर परिवारलाई बधाई ज्ञापन गर्दै आगामी दिनमा समेत अविचलितरूपमा अगाडि बढ्न अपिल गर्दछु ।" राजधानी सहरलाई सफा, हरियालीयुक्त, सांस्कृतिक वैभवको जगेर्नाका माध्यमबाट स्पन्दनयुक्त र आधुनिक विशेषताले भरिपूर्ण ऐतिहासिक सहरका रूपमा विकास गर्न महानगरको प्रयास प्रशंसनीय रहेको उहाँको भनाइ छ । "काठमाडौँ महानगरले भौतिक र मानवीय विकासका पक्षलाई सन्तुलित ढङ्गले अगाडि बढेर देशका सबै स्थानीय तहलाई अनुकरणीय नमूना प्रस्तुत गर्नेछ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "नेपाल सरकारका तर्फबाट गर्नुपर्ने साथ, सहयोग र निर्णयका निम्ति म सधैँ तत्पर छु।"

उहाँले सामूहिक सहकार्यको संस्कृतिको जगमा उभिएर सङ्घीय शासन प्रणालीको फराकिलो आधारभूमिमा विकसित काठमाडौँ सहर निर्माणको साझा लक्ष्य हासिल गर्न महानगर दिवसले सबैलाई प्रेरणा देओस् भनी कामनासमेत गर्नुभयो ।

विसं २०५२ मा तत्कालीन काठमाडौँ नगरपालिकालाई मुलुककै पहिलो महानगरका रूपमा घोषणा गरिएको थियो ।

## 'समुदायमा कांग्रेस' अभियान सञ्चालन हुँदै

**रासस**
काठमाडौं, २९ मंसिर

नेपाली कांग्रेसले आगामी पुस १६ देखि माघ १६ गतेसम्म वडा तहका पार्टी प्रतिनिधि परिचालन गरी 'समुदायमा कांग्रेस' अभियान सञ्चालन गर्ने भएको छ।

क ा ं ग ् े स केन्द्रीय कार्यसम्पादन समितिको शुक्रबारको बैठकले 'समुदायमा कांग्रेस' अभियानका लागि केन्द्रीय कार्यसमितिबाट ७७ वटै जिल्लामा प्रतिनिधि खटाउने निर्णय गरेको छ।

पार्टी सभापति शेरबहादुर देउवाको अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालयमा भएको बैठकले आगमी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनमा भाग लिन नेपालको संविधानबमोजिम कांग्रेसलाई निर्वाचन आयोगमा दर्ता गर्ने निर्णय गरेको छ।

राष्ट्रियसभा निर्वाचनमा पार्टीका तर्फबाट खडा गरिने उम्मेदवारलाई दलको औपचारिक पत्र प्रदान गर्न सभापति देउवालाई जिम्मेवारी दिने निर्णय भएको छ। निर्वाचन प्रयोजनका लागि संविधान तथा राजनीतिक दलसम्बन्धी ऐनबमोजिम निर्वाचन आयोगमा कांग्रेस दल दर्तासम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गर्न मुख्य सचिव कृष्णप्रसाद पौडेलाई जिम्मेवारी प्रदान गरिएको छ । राष्ट्रिय सभा सदस्यको निर्वाचनका लागि उम्मेदवारको नाम सिफारिश गर्न विधान बमोजिम प्रदेश कार्यसमितिलाई परिपत्र गर्ने निर्णय भएको मुख्य सचिव पौडेलले जानकारी दिनुभयो । कांग्रेसको नियमावलीको नियम ५(२)(क) अनुसूची ७ मा निर्दिष्ट गरिएको क्रियाशील सदस्यताको प्रमाणपत्रको ढाँचा सरल र स्पष्ट बनाउन क्रियाशील सदस्यता प्रमाणपत्र परिमार्जित गर्ने निर्णय गरेको छ। बैठकले जाजरकोट-रूकुम पश्चिममा भूकम्प प्रभावित जनताका लागि अस्थायी आवास निर्माणमा पार्टीका तर्फबाट विभिन्न चरणमा परिचालन भएको पार्टीका सबै तहका नेताकार्यकर्ताको योगदानको प्रशंसा गर्दै धन्यवाद ज्ञापन गरेको छ। बैठकले सरकारका तर्फबाट अस्थायी आवास निर्माणका लागि उपलब्ध गराएको रकम यथाशीघ्र भूकम्पप्रभावित परिवारलाई वितरण गर्न मन्त्रिपरिषद्को ध्यानाकर्षण गराएको छ।

बैठकले पार्टीको महासमिति बैठकको मिति परिमार्जन गरी आगामी फागुन ७ देखि १० गते, ललितपुरमा गर्ने निर्णय गरेको छ। यसैगरी पार्टी केन्द्रीय कार्यसमितिको बैठक आगामी पुस १२ गते दिउँसो १ बजे केन्द्रीय कार्यालयमा हुने भएको छ।

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्नः

◆ चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
◆ नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
◆ मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
◆ धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## लेकसाइडमा रोटरी कार्निभल तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २९ मंसिर

पोखराका रोटरी क्लबहरु कार्निभल तयारीमा जुटेका छन् । फेवाताल किनार खहरेमा आगामी पुस ७ मा 'रोटरी कार्निभल-२०२३' हुन लागेको हो।


गत वर्ष रोटरी क्लब अफ पोखरा न्यूरोड एक्लैले कार्निभल गरेकोमा यसपालि त्यसलाई बृहत् बनाउन रोटरी इन्टरनेशनल ३२ ९२ अन्तर्गत पोखराका ९ वटै क्लबहरु जुटेका हुन् । रोटरी कार्निभलका परिकल्पनाकार




सुभाष सिग्देल पोखरामा पर्यटन प्रवर्द्धनसहित लोकसंस्कृतिको जगेर्नाका लागि आफूहरुले अझ बृहत् रुप दिन लागेको बताए। उनी कार्निभल खासमा रमाइलो गर्ने, खाने रमाउनेमात्र नभई कार्यक्रमबाट बचत रकम जाजरकोट भूकम्पपीडितको सहयोगार्थ केही ठूलो प्रोजेक्ट गर्ने योजना रहेको सुनाउँछन्। गत वर्ष पनि बचत करिब ७० हजार पोखरामा सार्वजनिक शौचालय व्यवस्थित गर्न र पुनर्निर्माणमा खर्चिएको उनले स्मरण गरे।

रोटरी क्लब अफ पोखरा न्यूरोडका पूर्व अध्यक्ष उनी हाल रोटरी डिष्ट्रिक्ट ३२९२ का मेम्बरसिप कमिटी चेयरपर्सन छन् । सिग्देलले भने, 'यसपालि सबै रोटरी क्लबहरु सामाजिक कार्यका लागि हातेमालो गरेका हौं । आगामी दिनमा पनि सामाजिक कार्य केन्द्रित गरी कार्निभललाई निरन्तरता दिनेछौं ।' यसपालि करिब ४ लाख रुपैयाँ बचाउने आयोजकको लक्ष्य छ। उक्त रकममा हरेक क्लबले रकम थपेर जाजरकोट भूकम्पपीडितको लागि नयाँ प्रोजेक्ट गर्ने योजना रहेको सिग्देलले स्पष्ट पारे । कार्यक्रममा यस क्षेत्रमा बाहुल्य गुरुङ, नेवार लगायत समुदायको नाच तथा विविध संस्कृतिसमेत प्रस्तुत हुनेछ । त्यहाँका करिब १० रेष्टुरेन्टले विभिन्न प्रकारका खानाका परिकार पस्किनेछन् । प्रवेशका लागि प्रतिव्यक्ति १ हजार लाग्नेछ। तर, उक्त रकम बराबरको खानाको परिकार रोजेको रेष्टुरेन्टबाट खान पाइने व्यवस्था मिलाइएको छ । मार्किङ गरिएका रेष्टुरेन्टलाई दिइने छुटवापतको रकम नै बचत हुने कार्यक्रम संयोजक एवं रोटरी न्यूरोड पोखराका अध्यक्ष रामविक्रम अधिकारीले बताए । कार्निभलले रोटरीको सार्वजनिक छवि बढाउन, पर्यटन प्रवर्द्धन तथा संस्कृतिको संरक्षणमा कार्निभल सहयोगी हुने उनको विश्वास छ। उनका अनुसार यो एकप्रकारको सडक महोत्सव हो। क्याथोलिकमा यसलाई आनन्द उत्सवको रुपमा लिइन्छ। खासगरि ब्राजिसमा यो बढी प्रचलनमा छ। कानिर्भलमा करिब ८ सयदेखि ९ सय मानिसको सहभागिता हुने अनुमान छ। उक्त दिनको कार्यक्रम दिउँसोदेखि सुरु भइ राति साढे १० बजेसम्म चल्नेछ। पोखरामा हाल रोटरी क्लब अफ पोखरासहित रोटरी इन्टरनेशनल ३२९२ अन्तर्गत न्यूरोड, लेकसाइड, मिडटाउन, फिस्टेल, अन्नपूर्ण, लेखनाथ, प्याराडाइज र गण्डकी क्लब सञ्चालित छन्।



# नेपाल भूतपूर्व खेलाडी मञ्चले गऱ्यो आजिवन सदस्यसँग अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २९ मंसिर

पोखरा म्याराथनलाई थप स्तरीय बनाउन जोड



पोखरा २९ मंसिर - नेपाल भूतपूर्व खेलाडी मञ्चले आफ्ना आजिवन सदस्यहरुसँग अन्तरक्रिया गरेको छ। मञ्चले गर्दै आइरहेको गतिविधि, सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन र मृत्यु भएका सदस्यहरुको सम्झना गर्दै अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो।

शुक्रबार पोखरा उद्योग वाणिज्य संघको अमृत कक्षमा सम्पन्न भएको अन्तरक्रियामा सहभागिहरुले पोखरा म्याराथनलाई थप स्तरीय बनाउनका लागि जोड दिए। सहभागिहरुले मञ्चका लागि सधैँ सहयोग गर्न तयार रहेको र आर्थिक, भौतिक र नैतिक रुपमा सहयोग गरिरहने प्रतिबद्धता समेत व्यक्त गरे।

कार्यक्रममा स्वागत गर्दै मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले आफ्नो प्रत्यक्ष खेल जिवनपश्चात रिटायर्डको समयमा अनुभव मर्न नदिनका लागि मञ्चको स्थापना भएको बताए। उनले खेलकुदको विकाससँगै हाल रहेको पोखरा रंगशालालाई अतिक्रमणको चपेटाबाट बचाउने काम समेत मञ्चले नै गरेको सुनाए। आफुहरुले लामो समयदेखी के गरिरहेको छ भन्ने सबै कुराको जानकारी आजिवन सदस्यलाई गराएको हो। मञ्चले आयोजना गर्ने अन्तर्राष्ट्रिय म्याराथन प्रविधीमैत्री हुँदै जादा थप चुनौतीहरु बढेको सुनाउँदै मञ्चका लागि योगदान दिने दिवंगत भएका सदस्यहरुलाई समेत सम्झिए।

मञ्चका निवर्तमान अध्यक्ष तेज गुरुङले मञ्चको उदेश्य, लक्ष्य, सफल पोखरा म्याराथन र दिवंगत भएका मञ्चका सदस्यहरुको बारेमा प्रस्तुति दिएका थिए। उनले पोखरा म्याराथन नेपालकै जेठो रहेको र पछिल्लो समय एम्स र वर्ल्ड म्याराथनसँग जोडिएपछि थप चर्चा पाएको बताए। उनका अनुसार मञ्चमा रहेका ३२ जना सदस्यहरुको मृत्यु भइसकेको छ। मृत्यु भएकाहरुले गरेको योगदान अविस्मरणीय रहेको उनको भनाई थियो। नेपाल ओलम्पिक कमिटीका उपाध्यक्षसमेत रहेका गुरुङले म्याराथनलाई थप सुरक्षित बनाउनका लागि यो वर्ष सबै इभेन्टमा चिपको जडान गर्ने तयारी भइरहेको र म्याराथनलाई प्रविधिमैत्री बनाउनका लागि फारम दर्तादेखी धावकले प्रमाणपत्र सम्म अनलाइनमै पाउने व्यवस्थाको तयारी गरेको सुनाए। पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले अन्तर्राष्ट्रिय म्याराथनका लागि आफुहरुले सक्ने सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। पोखरा म्याराथनलाई खेलकुदको ठूलो मेलाको रुपमा मनाउनुपर्नेमा उनले जोड दिए। म्याराथनले खेलकुदमात्र नभई समग्र पोखराको पर्यटन क्षेत्रलाई समेत टेवा पुगेको उनको भनाई थियो। पोखरा महानगर म्याराथन सँग जोडिएको र यसलाई व्यवस्थित र स्तरीय बनाउनका लागि छलफल गरि अघि बढ्ने समेत सुनाए। कृषि विकास बैंकका निर्देशक घनेन्द्र अधिकारीले अब सफल म्याराथनका लागि आयोजकले हरेक वर्ष सहयोग माग्नुभन्दा अलि जोड गरेर वार्षिक कार्यक्रममा पार्नका लागि पहल गर्नुपर्ने बताए। उनले कृषि विकास बैंकले सह-प्रायोजकको भूमिका निर्वाह गर्दा आगामी दिनमा मुख्य प्रायोजककै रुपमा रहन सक्ने समेत सुनाए। अन्तर ाष्ट्रिय स्तरको प्रतियोगितासँग जोडिन पाउनु खुसीको कुरा रहेको र बैंकको तर्फबाट वार्षिक कार्यक्रम अन्तरगत पार्नका लागि आफुले पनि केन्द्रमा कुरा राख्ने उनको भनाई छ। अन्तरक्रियामा सहभागि भएका सहारा क्लब पोखराका पुर्वअध्यक्ष विक्रम थकालीले आर्थिक रुपमा सबल हुँदै थप खर्च गरेर म्याराथनलाई स्तरीय बनाउन सुझाव दिए। उत्तम जोशीले म्याराथनलाई थप प्रभावकारी बनाउन विभिन्न सहयोगी संघ संस्था, क्लब, आमा समूहलाई समेत उचित तरिकाले समेट्नुपर्नेमा जोड दिए। जगन गुरुङले मञ्चमा आबद्ध सदस्यमध्ये श्रीमानको मृत्यु भए श्रीमती र श्रीमतीको मृत्यु भए श्रीमानलाई मानार्थ सदस्य दिनका लागि पहल गर्न अनुरोध गरे। मञ्चका संस्थापक अध्यक्ष खड्ग रानाभाटले मञ्चलाई थप बलियो बनाउने काम आजिवन सदस्य र खेलाडीहरुको रहेको सुनाउँदै म्याराथनलाई सफल बनाउन सबै ठाउँबाट सहयोग गरिदिन आग्रह गरे। म्याराथनका मुख्य संयोजक दिलबहादुर गुरुङले अन्तरक्रिया कार्यक्रमले २२ वर्षअघिको मञ्चको झल्को दिएको सुनाए। उनले मञ्चको स्थापनाकालदेखिका सदस्यहरुलाई समेत देख्न पाउँदा खुसी लागेको र अब मञ्चमा अग्रज खेलाडीमात्र नभई युवा खेलाडीलाई समेत समेट्न आवश्यक रहेको सुनाए। सोही अवसरमा मञ्चमा नयाँ आजिवन सदस्य लिने व्यक्तिहरुलाई सदस्यताको प्रमाणपत्र समेत प्रदान गरेको छ। मञ्चले आगामी फागुन ५ गते म्याराथन आयोजना गर्दैछ। म्याराथनमा पुरुषतर्फ ४२.१९६ किलोमिटर, महिला हाफ म्याराथन (२१ किलोमिटर), १० किलोमिटर, छात्र/छात्रा ५ किलोमिटर, ह्विलचियर, दृष्टिविहिन र रन फर फनको आयोजना गर्दै आइरहेको छ।

# कृषि कर्जा साधारण कृषकको पहुच सम्म पुर्याउने सरल उपाय खोजौ - जि. स .स .कास्की प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, २९ मंसिर



जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले पौडेलले कृषि कर्जा साधारण कृषकको पहुच सम्म पुर्याउने सरल उपाय खोजि गरि कर्जा प्रवाह सजिलो बनाउन आग्रह गर्नुभएको छ।

अहिलेको प्रक्रिया केही झन्झटिलो र उत्पादनका काम नै छोडेर कृषकहरू कर्जा प्रक्रियामा लाग्नुपर्ने गुनासो आएको भन्दै सरोकारवाला मन्त्रालयले यसमा विशेष ध्यान दिएर सरल प्रक्रिया अबलम्बन गर्नुपर्ने उल्लेख गर्नुभयो। प्रमुख पौडेलले सो कुरा प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ कास्कीको आयोजनामा " सहुलियत कृषि कर्जा कार्यान्वयनका लागि अन्तरक्रिया कार्यक्रमको शुक्रबार उद्घाटन गर्दै बताउनु भएको हो।

पौडेलले सरलिकृत अनुदान रकम बितरण प्रक्रिया सर्बसाधारण कृषकको पहुचमा नपुगेसम्म कुनै पनि कृषि उत्पादनमा देश आत्मनिर्भर हुन नसक्ने जुन बिना समृद्धिका नारा निरर्थक हुने जिकिर गर्नुभयो।

उहाँले श्रम र बजारलाइ जोड्ने नीति निर्माण गरि कृषि उत्पादनको बजारीकरण गर्न तदारुकता राज्यले देखाउनु पर्ने बताउनुभयो। कर्जा प्रक्रिया सरल बनाउन रास्ट्र बैंकले समेत विशेष नीति बनाउनु पर्ने उहाको कथन थियो। कार्यक्रममा गण्डकी प्रदेश सरकार कृषि मन्त्रालयका सचिब सहदेब प्रसाद हुमागाइ, कृषि बिकास निर्देशनालय गण्डकीका महानिर्देशक बासुदेब रेग्मी, राष्ट्रिय पशु प्रजनन कार्यालय पोखराका प्रमुख डा. जगदीश पाण्डे, पशु तथा मत्स्य बिकास निर्देशनालय गण्डकीका महानिर्देशक डाक्टर प्रेरणा सेढाई भट्टराई, नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक आर्या जोशी, प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ लमजुङका प्रमुख अजय अधिकारी प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ स्याङ्जाका प्रमुख माधब लम्साल, प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना सहितले सहुलियत कृषि कर्जा कार्यान्वयनका सम्बन्धमा मन्तव्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा कार्यालयको तर्फबाट प्रमुख रोशन अधिकारी, नेपाल राष्ट्र बैंक पोखराका सहायक निर्देशक बिजया गौतम र कृषि मन्त्रालयका वरिष्ठ कृषि अर्थ बिज्ञ भानु भट्टराईले सहुलियत कृषि कर्जा प्रवाहको अबस्था र कार्यान्वयनका समस्या सहितका भिन्दा भिन्दै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा सरोकारवाला कृषक, कृषी उधमी राष्ट्र बैंक, बैंक तथा बित्तिय संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ कास्कीका प्रमुख रोशन अधिकारीको अध्यक्षमा सम्पन्न कार्यक्रममा स्वागत सो कार्यालयका कृषि अधिकृत निशा कंडेल र संचालन सामाजिक बिकास अधिकृत गोबिन्द श्रेष्ठले गर्नुभएको थियो।

# पेट्रोल, डिजल र मट्टितेलको मूल्य घट्यो

**रासस**
काठमाडौं, २९ मंसिर

नेपाल आयल निगमले शनिबार बिहानदेखि लागू हुने गरी पेट्रोल, डिजेल तथा मट्टितेलमा प्रतिलिटर रु तीन घटाएको छ।

निगम सञ्चालक समितिको शुक्रबारको बैठकले पहिलो, दोस्रो र तेस्रो वर्गका लागि पेट्रोल प्रतिलिटर क्रमशः एक सय ६४ रुपैयाँ ५० पैसा, एक सय ६६ र एक सय ६७ रुपैयाँ तोकेको छ। डिजेल तथा मट्टितेल पहिलो, दोस्रो र तेस्रो वर्गका लागि प्रतिलिटर क्रमशः एक सय ५४ रुपैयाँ ५० पैसा, एक सय ५६ र एक सय ५७ कायम गरिएको छ।

पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज, दोस्रो वर्ग सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौँ, पोखरा र दिपायलस्थित डिपो रहेका छन्।

इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट आज प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोल तथा डिजेलको खरिद मूल्यमा क्रमशः प्रतिलिटर तीन रुपैयाँ सात पैसा र तीन रुपैयाँ १६ पैसाले घटेर आएपछि नेपाली बजारमा मूल्य घटाइएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिनुभयो।

# निर्णय कार्यान्वयन नगर्न अदालतको आदेश

**पोखरापत्र संवाददाता**
पोखरा, २९ मंसिर

उच्च अदालत पाटनले सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न नदिने काठमाडौँ महानगरपालिकालको निर्णय कार्यान्वयन नगर्न आदेश दिएको छ।

शुक्रबार उच्च अदालत पाटनका न्यायधीश जनक पाण्डे र ब्रजेश प्याकुरेलको सयुक्त इजलासले काठमाडौँ महानगरको सुर्तीजन्य पदार्थमा बिक्री वितरणमा रोक लगाउने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो। आदेशमा अन्तिम टुङ्गो नलागेसम्म निर्णय कार्यान्वयन नगर्न/नगराउन भनिएको छ। "निवदेकले रीतपूर्वक उद्योग व्यवसाय सञ्चालन गरी कर तथा राजस्व नियमित तिर्दै बुझाउँदै आएको अवस्थामा हाल काठमाडौँ महानगरले सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ को दफा ४ एवम् काठमाडौँ महानगर जनस्वास्थ्य ऐन, २०८० को दफा ४२ लाई आधार मानी निवेदकको बिक्री विवरण समेतमा पूर्ण प्रतिबन्ध लगाएको छ", भन्ने सूचनाले निवेदकले कानुन बमोजिम सञ्चालन गर्दै आएको उद्योग व्यवसायमा प्रतिकुल असर परी अपूरणीय क्षति पुग्नसक्ने अवस्था देखिएको छ," आदेशमा उल्लेख गरिएको छ। काठमाडौँ महानगरले यही मङ्सिर २७ गतेदेखि प्लास्टिक प्याकेजिङ् गरिएका, खैनी, गुट्खा, पानपराग जस्ता सुर्तीजन्य पदार्थको बिक्री विवरणमा रोक लगाएको थियो।

# पोखराको पर्यटन प्रबर्द्धन गर्न जाऊँ है पोखरा अभियान सुरु


**पोखरापत्र संवाददाता**
पोखरा, २९ मंसिर




पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धन गर्न महेन्द्रनगरसम्म ६ दिने जाऊँ है पोखरा अभियान सुरु गरिएको छ।

होटल संघ पोखरा नेपालले शुक्रबारदेखि ६ दिने ' जाऔं है पोखरा अभियान' शुरु गरेको संघका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनु भयो। पोखराबाट शुक्रबार एक टोली पोखराको लेकसाइडबाट सिद्धार्थराजमार्ग हुदै भैरहवा प्रस्थान गरेको उहाँले बताउनु भयो। त्यसै गरी टोली नेपालगन्ज, धनगढी हुदैं महेन्द्रनगरसम्म जाने भएको अध्यक्ष सुवेदीले बताउनु भयो। कोभिड-१९ को महामारी र आर्थिक मन्दिले सुस्ताएको पर्यटन क्षेत्रको आन्तरिक पर्यटन प्रवर्धन गर्न संघले मंसिर २९ देखि पुष ४ गतेसम्म ६ दिने उक्त कार्यक्रम आयोजना गरिएको संघका अध्यक्ष सुवेदीले बताउनु भयो। पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरामा पछिल्लो समयमा पर्यटन आगमनमा केही बृद्धी भएको बताउदै यस्ता कार्यक्रमले पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो।

अभियानमा अन्र्तगत ती स्थानमा पत्रकार सम्मेलन, प्रदेशस्तरीय, स्थानीय सरकारी तथा गैरसरकारी र पर्यटन व्यवसायी लगायतका सरोकार पक्षसँग अन्तरक्रिया गरिने महासचिव राजेन्द्र ढकालले बताउनु भयो। टोलीमा संघका पदाधिकारी सहित पर्यटन व्यावसायि र पत्रकारको सहभागी रहेको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# १८ औं जेपी क्रस विद्यालयस्तरिय छात्र/छात्रा बास्केटबल पोखरामा सुरु

**पोखरापत्र संवाददाता**
लमजुङ, २९ मंसिर



१८ औं जेपी क्रस विद्यालयस्तरिय छात्र/छात्रा बास्केटबल पोखरामा शुक्रबारबाट पोखरा रंगशालाको बास्केटबल कोर्टमा सुरु भएको छ।

कास्की जिल्ला बास्केटबल संघको आयोजना सुरु भएको उक्त प्रतियोगिताको पहिलो दिन छात्रातर्फ ३ र छात्रतर्फ १० गरि १३ खेल सम्पन्न भएका छन् । लिग कम नक आउटका आधारमा सञ्चालन भएको प्रतियोगिताको उद्घाटन खेलमा छात्रतर्फ फिसटेल एकेडेमीले माउन्ट अन्नपूर्णलाई ४५-१९ को स्कोरले पराजित गरेको छ । फिसटेलले आफ्नो पहिलो खेल हिलपोइन्ट विरुद्ध ३१-२४ ले जितेको थियो । शुक्रबार नै सम्पन्न अन्य खेलमा शिसुनिकेतनले दुई खेल गुमाएको छ। स्टेप वाई स्टेप संग १७-१५ ले र बालकल्याण संग २५-१२ ले पराजित भएको हो। ग्लोबल कलेजियटले एक खेलमा जित र एक खेलमा हार व्यहोरेको छ । एलए मावि संग ४३-४२ को भिनो स्कोरमा पराजित भए पनि ग्लोबलले सरस्वती आदर्श विद्याश्रम संग २२-२१ ले जित निकालेको छ । यता एलएकले एक खेल सरस्वती आदर्श विद्याश्रम संग ३१-२९ ले जितेको छ। स्पाइरल ग्यालेक्सीले नवआर्दश विरुद्धको खेलमा ४२-१२ ले जित निकाल्दा प्रगतीले मनकामनालाई ३५-१९ ले जित दर्ता गर्न सफल भयो। अल्फाले आफ्नो एक खेल टप्स विरुद्ध ३८-१६ ले जित्न सफल भयो। त्यस्तै छात्रातर्फ फिसटेलले गोगन मावि विरुद्ध ३०-०ले जित्दा गण्डकी बोर्डिङले सरस्वती विद्यश्रमलाई १८-८ ले र एलएले गोगन माविलाई १४-६ ले जितेको छ । यसै विच प्रतियोगिताको एक भव्य कार्यक्रमका विच वरिष्ठ समाजसेवी एवं वृटिश सेनाका कर्नल (रि) जेपी क्रसले गरेका छन् । सो अवसरमा बोल्दै कर्नल (रि) जेपी क्रसले विद्यार्थीहरुलाई आत्मबल बढाउने गरि प्रतियोगितामा सहभागिता जनाउन आग्रह गरेका छन्। आफ्नो यौवनकालमा यूद्धमा भएको घटनाको स्मरण गर्दै मृत्युको मुखमा पर्दा समेत आफू भित्र रहेको आत्मबलले शत्रुलाई परास्त गर्दै आफ्नो कमाण्डमा रहेको सेनालाई सकुशल यूद्धको भूमीबाट बाहिर ल्याएको उल्लेख गरे। यहि पौष १५ गते एक सय वर्षगाँठ मनाउने तयारी गरिरहेका कर्नल (रि) जेपी क्रसले कृषि कर्मका कारण विगतमा मानशिक र शारिरिक दुवै शक्ति प्राप्त भए पनि हाल त्यो अवस्था नरहेको चर्चा गर्दै अहिलेको आधुनिक युगमा मानशिक संगै शारिरिक सन्तुलन बनाई राख्न खेलकुद अपरिहार्य रहेको जनाए। आफू खेलप्रेमी भएकै कारण यूवाहरुलाई खेलकुदमा आकर्षण गर्न सहयोग गर्दै आएको उल्लेख गर्दै आफू उपस्थित भएर खेल मैदानमा आउन पाउँदा गर्व लागेको बताए।

आफू १० कक्षा पढ्दा पढ्दै यूद्धमा होमिएको विगतलाई सम्भिँदै आफ्नो यात्रामा २६ वटा पुस्तक समेत प्रकाशन गरेको उनले उल्लेख गरे । उद्घाटनका अवसरमा कर्नल (रि) जेपी क्रसले केक समेत काटेर आफ्नो सयौं वर्षगाँठ समेत मनाए। कार्यक्रममा प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङले यूवा खेलाडी उत्पादनका लागि यो प्रतियोगिता महत्वपूर्ण रहेको जनाउँदै प्रतियोगिताको पूर्ण सफलताको कामना गरे। कास्की बास्केटबल संघका अध्यक्ष कृष्ण गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सचिव विगनेश थापाले समेत आफ्ना भनाई राख्दै प्रतियोगिता सफल बनाउन सहयोग गर्नेहरु प्रति आभार प्रकट गरेका छन्। पौष २ गते चार दिन सम्म सञ्चालन हुने प्रतियोगितामा विभिन्न विद्यालयमा अध्ययनरत कक्षा १० सम्मका विद्यार्थीहरुलाई लक्षित गरि प्रतियोगिता आयोजना गरिएको कास्की बास्केटबल संघका अध्यक्ष गुरुङले जनाएका छन्। विश्वभर फैलिएको कोभिड १९ को सक्रमणको तिन वर्ष पछि उक्त प्रतियोगिताले निरन्तरता पाएको हो । प्रतियोगितामा छात्र-छात्रा दुबैतर्फको उपाधि विजेताले नगद २०-२० हजार र उपविजेताले नगद रु १५-१५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछन् भने प्रतियोगिताको बेस्ट प्लेयर र हाइस्कोररलाई विशेष आकर्षक पुरस्कार प्रदान गरिने छ। प्रतियोगितामा छात्रतर्फ १९ र छात्रातर्फ ९ गरि कूल १९ टिमको सहभागिता रहेको छ।

# बेनी नगरपालिकाद्वारा सात गौरवका योजना सञ्चालन

**रासस**
म्याग्दी, २९ मंसिर

बेनी नगरपालिकाले सात गौरवका योजनालाई कार्यान्वयन गर्न सुरुआत गरेको छ । साना योजनाबाट उपलब्धि नदेखिने भएपछि नगरपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा पूर्वाधार विकासतर्फ करिब साढे ६ करोड बजेटलाई सात ठूला योजनामा विनियोजन गरेको थियो । बेनी नगरपालिका, गण्डकी प्रदेश सरकार र सङ्घीय सरकारसमेतको साभेदारीमा छनोट भएका ठूला योजनाको कार्यान्वयन सुरु भएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाभित्र गौरवका योजनाका रूपमा छनोट भएका सबै योजनालाई ठेक्कामार्फत कार्यान्वनय गर्न लागिएको छ। सातवटा योजनामध्ये चारवटा योजना ठेक्का सम्भौता भएर कार्यान्वनयको चरणमा रहेको र तीनवटा ठेक्का सम्भौताको चरणमा रहेको कार्यालयका असिस्टेन्ट सबइन्जिनियर चन्द्रबहादुर थापाले जानकारी दिनुभयो । ठेक्का सम्भौता भएकामध्ये सिंगा तातोपानीको माथिल्लो बजार कालोपत्र गर्ने योजनाको काम अघि बढेको छ। रु ३२ लाख ९० हजार बजेट विनियोजन भएको यस योजना रु २५ लाख ६८ हजारमा श्रमजीवी निर्माण सेवासँग ठेक्का सम्भौता भएको छ । सम्भौताबमोजिम तातोपानी बजारभित्र ढलान र कालोपत्रको काम अघि बढेको निर्माण कम्पनीका सञ्चालक प्रकाश बानियाँले जानकारी दिनुभयो । नगरपालिकाले सबैभन्दा धेरै प्राथमिकतामा राखेको बेनी-अर्थुङ्गे-तोरीपानी-पात्लेखेत सडकमा रु दुई करोड बजेट विनियोजन भएको छ। यसअघि नगरपालिका र प्रदेश सरकारमार्फत सडक ढलान र कालोपत्र गरी स्तरोन्नति गरिएको ठाउँबाट योजनालाई अघि बढाइने भएको छ। श्रमजीवी निर्माण सेवासँग रु एक करोड ३४ लाख ६७ हजारमा ठेक्का सम्भौता भएको यस योजनामा करिब एक किलोमिटर सडक कालोपत्र र ढलान गरी स्तरोन्नति गरिने असिस्टेन्ट सबइन्जिनियर थापाले बताउनुभयो । पाँच मिटर फराकिलो बनाइने यस सडकमा नाली र पर्खालसमेत निर्माण हुनेछन् । नगरपालिकाले माहारानीथान-छाप-डाँडाखेत सडकलाई कालोपत्र र ढलान गरी स्तरोन्नति गर्न ठेक्का लगाएको छ। रु ८३ लाख ५० हजार बजेट विनियोजन भएको यस सडकखण्डको करिब चार सय मिटर सडक कालोपत्र र ढलानसहित स्तरोन्नति गर्न श्रमजीवी निर्माण सेवासँग रु ५९ लाख ५९ हजारमा ठेक्का सम्भौता भएको छ। नगरपालिकाले बेनीबाट वडा नं ५ पुलाचौरको वडा कार्यालयलाई जोड्ने गरी अघिल्ला वर्षहरूमा समेत कालोपत्र र ढलान गरी सडक स्तरोन्नति गर्न सुरु भएको योजनालाई यस वर्षसमेत निरन्तरता दिएको छ । अर्थुङ्गे-पुलाचौर-भूतपानी सडक स्तरोन्नतिका लागि रु ८० लाख बजेट विनियोजन भएकामा रु ५९ लाख ५२ हजारमा ठेक्का सम्भौता भएको छ । बाँसबोट क्षेत्रबाट सडकलाई कालोपत्र, ढलान, नाली र पर्खाल निर्माणलगायतका काम गरेर सडक पक्की बनाइने नगरपालिकाले जनाएको छ।

यी चारवटै सडक पूर्वाधारका योजनाको जिम्मा पाएको श्रमजीवी निर्माण सेवाले योजनाको सम्भौतालगत्तै कार्यक्षेत्रमा मेसिन, उपकरण र निर्माण सामग्रीको व्यवस्थापन गर्न सुरु गरेको जनाएको छ । "तातोपानीमा सडक कालोपत्रको काम भइरहेको छ, अन्य ठाउँमा समेत काम सुरु हुँदैछ, निर्धारित समयमै निर्माणकार्य सम्पन्न गर्नेगरी जनशक्ति र मेसिन उपकरणको व्यवस्थापन गर्नेतर्फ प्रयासरत छु", निर्माण व्यवसायी बानियाँले भन्नुभयो।

तातोपानीको कालोपत्र योजना नगरपालिकाले मात्रै सञ्चालन गरेको हो। पुलाचौर र मारानथान-छाप सडकमा गण्डकी प्रदेश सरकारको समपूरक अनुदान, बेनी-पात्लेखेत सडकमा सङ्घीय सरकारको समपूरक अनुदानको बजेटसँग नगरपालिकाले साभेदारी गरेको हो । नगरपालिकाले जामुनाखर्क माविमा बनाउन लागेको नमूना विद्यालय भवनका लागि रु एक करोड बजेट विनियोजन भएको छ भने उक्त योजनबाट चारकोठे भनव निर्माणका लागि ठेक्का सम्भौताको प्रक्रियामा छ।

नगरपालिकाले यसै वर्ष दुई खानेपानी आयोजनालाई समेत गौरवको योजनाका रूपमा अघि बढाएको छ । बेनी-२ खवरामा खानेपानी विस्तारका लागि रु ४० लाख र वडा नं ५ पुलाचौरको पुलाडाँडा पुरुण्डी खानेपानी योजनाका लागि रु ९० लाख बजेट विनियोजन भएको छ। यी दुवै योजना सम्भौताको चरणमा रहेको कार्यालयको पूर्वाधार विकास शाखाले जनाएको छ । योजनाको गुणस्तर कायम गर्न नियमित अनुगमन गरिने र योजनालाई प्रभावकारी बनाउनेतर्फ जोड दिएको नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो। "नगरपालिकाबाट नियमितअनगुमनगर्छौं, हरेकवडमा प्राविधिक जनशक्ति व्यवस्थापन गरेका छौं, उपभोक्ता र निर्माण व्यवसायीमार्फत कार्यान्वयन हुने सबै योजनाको पटक-पटक अनुगमन गर्छौं, योजनालाई गुणस्तरीय बनाउने कार्यमा हामी प्रयासरत छौं", उहाँले भन्नुभयो। चालु आर्थिक वर्षमा खुलामञ्चको थप पूर्वाधार निर्माणमा नगरपालिकाले रु २० लाख बजेट विनियोजन गरेको छ। बेनी नगरप्रमुख सुरत केसीले सदरमुकामबाट वडा कार्यालय र मुख्य बस्ती जोड्ने मूल सडकलाई स्तरीय बनाउने र अधुरा योजनालाई पूर्णता दिनेगरी छनोट भएका ठूला योजनाको कार्यान्वयन सुरु भएको बताउनुभयो।

उहाँले साना योजनालाई उपभोक्तासमितिरठूलायोजनालाई ठेक्कामार्फत कार्यान्वयन गर्ने नगरको नीतिअनुसार नै गौरवका योजनालाई ठेक्कामार्फत अघि बढाइएको छ । नगरपालिकाले रु १० लाखभन्दा माथिका योजनालाई नगरपालिकाबाट र अन्य योजनालाई वडाबाटै सम्भौता र कार्यान्वयन गर्ने जनाएको छ। नगरपालिकाले पहिलो चौमासिकसम्म चालुतर्फ २४ दशमलव ०५ प्रतिशत र पुँजीगततर्फ ११ दशमलव ७६ प्रतिशत खर्च गरेको छ।

पहिलो चौमासिकमा वडास्तरमा विभिन्न २४ योजनाको निर्माणकार्य सम्पन्न भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार ९५ योजना सम्भौता भएर कार्यान्वयनको चरणमा छन् भने अभै एक सय १७ योजना सम्भौता हुन बाँकी रहेको छ । वडास्तरीय योजनाको सम्भौता र कार्यान्वयनको काम धमाधम अघि बढेको उहाँले बताउनुभयो।


## एउटै व्यक्ति भएको सूचना



बागलुङ जिल्ला जैमिनी नगर पालिका वडा नं. १० साविक र ङखानी गा.वि.स. वडा नं. २ निवासी भारतीय सेना भू.पू.नं. ०५३४५८६१W का कृष्ण थापाकी श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर Chandrakali Magarni भएको र निजको भारतीय पेन्सन कागजातमा श्रीमतीको नाम Chandra Kali Magrni भई नामथर फरक परेता पनि व्यक्ति एउटै भएको भनी जैमिनी नगरपालिका १० नं. वडा कार्यालय, बागलुङको च.नं. ९०७, मिति २०७९/१२/०८ गतेको पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : आर्थिक समस्या |


हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस्।


# गाउँपालिकाको शिक्षा सुधार कोषमा २० लाख सङ्कलन

**पोखरापत्र संवाददाता**
दमौली, २९ मंसिर

तनहुँको आँबुखैरेनी गाउँपालिकाको शिक्षा सुधार कोषमा रु २० लाख बढी सङ्कलन भएको छ। गाउँपालिकाले शिक्षा सुधारका लागि सुरु गरेको शिक्षा सुधार कोषमा विभिन्न सङ्घ संस्था तथा व्यक्तिबाट उक्त रकम संकलन भएको हो।

गाउँपालिकाभित्र सञ्चालित उद्योग, विभिन्न सहकारी, टोल सुधार समिति, सङ्घ संस्थाले पालिकाको उक्त अभियानमा हातेमालो गर्दै सहयोग गरेका हुन्। गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले पालिकाको आह्वान अनुसार सहयोग जुट्ने क्रम जारी छ। उक्त कोषमा एकैदिन साँढे छ लाख सहयोग प्राप्त भएको छ । गाउँपालिकामा रहेका विभिन्न उद्योगले शिक्षा सुधार कोषमा रु छ लाख ५० हजार सहयोग गरेका हुन्। आँबुखैरेनी गाउँपालिका-२ स्थित अभनिष डिष्टिलरी प्रालिले रु तीन लाख, सूर्य ब्लेन्डर्स प्रालिले रु एक लाख, मकालु डिष्टिलरी प्रालिले रु एक लाख ५० हजार र तिरुमाला प्लास्टिक इण्डष्ट्रिजले रु एक लाख सहयोग गरेको छ।

गाउँपालिकाले सुरु गरेको शैक्षिक सुधार कार्यक्रमलाई थप टेवा पुऱ्याउने उद्देश्यसहित शैक्षिक क्षेत्रमा गरेको सहयोगप्रति गाउँपालिकाका अध्यक्ष चुमानले धन्यवाद ज्ञापन गर्नुभएको छ।

# पर्वतको प्रसिद्ध पर्यटकीयस्थल पञ्चासे

**पोखरापत्र संवाददाता**
पर्वत, २९ मंसिर

पर्वत, कास्की र स्याङ्जाको सङ्गमस्थलमा अवस्थित धार्मिक एवं पर्यटकीयस्थल पञ्चासे यतिबेला पर्यटकको पर्खाइमा रहेको छ।

पर्यटकीय याम भए पनि अन्य क्षेत्रमा जस्तो यहाँ चहलपहल बढ्न सकेको छैन। यो गण्डकी प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्य भए पनि उचित प्रचार-प्रसार र प्रवर्द्धनको अभावमा ओझेलमा परेको स्थानीय बताउँछन् । पञ्चासेमा पर्यटकलाई लोभ्याउने धेरै कुरा छन् । पर्यटकीय राजधानी पोखराबाट नजिकै रहे पनि सहज सडक पूर्वाधार तथा पदमार्गको अभावमा पपर्यटक पुग्न सकेका छैनन् । समुद्री सतहबाट दुई हजार पाँच सय १७ मिटरको उचाइमा अवस्थित पञ्चासे डाँडामा पुग्नेहरू पञ्चासेमा रमाउने गरेका छन् । यहाँ मुख्यगरी बालाचतुर्दशीका दिन हजारौं भक्तजनको भीड हुने गर्दछ । शतबीज छर्नका लागि नेपालका विभिन्न जिल्लाबाट भक्तजन आउने गर्दछन् । यहाँ आउनेहरूले सडकमार्ग छाडेपछि पञ्चासेको मुख्य मन्दिर र तालसम्म उकालो हिँड्दाको थकाइसँगै चुचुरोमा एकैछिन आराम गर्छन् र चारैतिरको सुन्दर दृश्य आँखामा कैद गरेर मन्त्रमुग्ध हुने गर्दछन्।

समुद्र सतहदेखि दुई हजार पाँच सय नौ मिटरको उचाइमा रहेको बैदान तालको लम्बाइ एक सय १० मिटर र चौडाइ २५ मिटर छ। झण्डै १० मिटर गहिरो यो ताल चारैतिरबाट जङ्गलले घेरिएको छ। जङ्गलको बीचमा भए पनि यो तालमा पात पतीङ्गर देख्न पाइँदैन । पञ्चकोशी पञ्चासेको नामले समेत चिनिने बैदान ताल पञ्चासे लेकको सबैभन्दा सुन्दर गहना हो । तालको छेवैमा बाराही मन्दिर छ। बैदान तालमा रहेको पानीको मूल र निकास नदेखिनु अर्को रमाइलो पक्ष हो । अर्को अचम्मलाग्दो रमाइलो पक्ष के भने, जङ्गलको छेवैमा रहेको तालमा पातपतिङ्गर नै देखिँदैनन्। पात तालमा परे पनि तत्कालै चराले फाल्ने गरेकाले तालमा नरहने स्थानीय सुशीलादेवी गुरुङले बताउनुभयो।

पञ्चासे लेकबाट उत्तरतर्फ माछापुच्छे, अन्नपूर्ण, धवलागिरिलगायतका हिमशृङ्खला, दक्षिणतर्फ पाल्पाको श्रीनगर डाँडा र तराईका फाँट देखिन्छन् । पञ्चासेको 'भ्यूटावर'बाट पोखरातिर फर्किएर नियाल्दा पोखरा बजार र फेवातालमात्रै होइन, दक्षिण-पश्चिमतर्फ नजर डुलाउँदा पर्वतको कुश्मा, फलेवास, डहरेको लेक, कार्कीनेटा, स्याङ्जाको भदौरे, आँधीखोलालगायतका ठाउँ देखिन्छन् । पञ्चासे लेकमै उभिएर म्याग्दी, गुल्मी र बागलुङका कैयौं मनोरम दृश्य नियाल्न पाउँदा पर्यटक रोमाञ्चित हुने गरेको पाइन्छ।

गुरुङ समुदायको बसोबास रहेको पञ्चासे ग्रामीण पदयात्राका हिसाबले गण्डकी प्रदेशकै सीमित ठाउँमध्ये पर्दछ। पञ्चासे पुग्न कास्कीको फेवाताल, पामे र भदौरेसम्म मोटरमा तथा त्यसपछि तीन-चार घण्टा पैदल हिँडेर आउन पनि सकिन्छ। कास्कीकै लुम्ले, काँडे, भदौरे र देउराली हुँदै तीन घण्टा तथा पर्वतको कुश्मा, डिमुवा, चित्रे, आर्थर हुँदै दुई घण्टा पैदल हिँडेर पनि पञ्चासे पुग्न सकिन्छ।

हिउँदमा पर्वतको डिमुवाबाट चित्रे हुँदै तथा स्याङ्जाको फेदीखोला, आरुखर्क हुँदै पञ्चासे भञ्ज्याङसम्मै गाडी पुग्छ। अहिले पञ्चासे पुग्न मोटरको सुविधा भए पनि पदयात्रा गर्दाको आनन्द फरक हुने पञ्चासेमा आइपुगेका कुश्माका विषमकुमार श्रेष्ठले बताउनुभयो। कैयौं स्वदेशी तथा विदेशी पर्यटक हिँडैरे पञ्चासे पुग्ने गर्दछन् । पञ्चासेले ऐतिहासिक र धार्मिक महत्व पनि बोकेको छ । पाँच पाण्डव गुप्तवासमा रहँदा बसोबास गरेका, बाइसे-चौबीसे राजाका किल्ला, सिद्धबाबालगायतका मन्दिर, गुफा र चैत्य पञ्चासे क्षेत्रका दर्शनीयस्थल हुन्। पञ्चासेमा बालाचतुर्दशीमा शतबीज छर्नेहरूको घुइँचो लाग्छ भने अन्य समयमा पञ्चासेले पर्यटकको पर्खाइमा रहेको स्थानीय होटल व्यवसायी लोकबहादुर गुरुङले बताउनुभयो । पञ्चासेमा रहेको जलाधार क्षेत्रको संरक्षण गर्न पाँच हजार पाँच सय हेक्टर वन क्षेत्रमध्ये एक हजार सात सय हेक्टर वन समुदायलाई हस्तान्तरण गरिएको छ । पञ्चासेमा पाँच सय ८९ किसिमका फूल, एक सय ५० औषधिजन्य जडीबुटी, ९८ प्रकारका उन्यू र आठ प्रजातिका रेसादार वनस्पति पाइन्छन् । पञ्चासे क्षेत्रको जङ्गलमा विभिन्न प्रजातिका चराचुरुङ्गी र दुर्लभ कालो भालुसहितका वन्यजन्तु पाइन्छन् । यस क्षेत्रमा एक दर्जनभन्दा बढी खर्कसमेत रहेका छन्। सात सय सय ८४ मिटरदेखि दुई हजार पाँच सय १७ मिटरसम्मको उचाइमा पर्ने पञ्चासे लोपोन्मुख सुनाखरीको राजधानी नै मानिन्छ। सूर्योदय र सूर्यास्त हेर्ने रहर पनि पञ्चासेले नै पूरा गरिदिन्छ। पर्वतको मोदी गाउँपालिकाका अध्यक्ष हिरादेवी शर्माले पञ्चासे क्षेत्र पर्यटकीय गन्तव्य बन्दै गएको बताउनुभयो।

उहाँले बाटोघाटो, धर्मशाला, खानेपानीलगायतका पूर्वाधार निर्माणका काम अघि बढाइएको र पर्वतले पनि आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन गुरुयोजना बनाएको बताउनुभयो । उहाँले तीन जिल्लाको साभा बिन्दुमा रहेकाले सबै मिलेर यसको प्रवर्द्धन गर्न सके वार्षिक लाखौं आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिने बताउनुभयो।

# रातोढुङ्गा सबस्टेशनको परीक्षण सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ मंसिर

म्याग्दीको पश्चिमी क्षेत्रका तीन स्थानीय तहमा विद्युत् आपूर्ति गर्ने प्रसारण लाइन र सबस्टेशन निर्माण भएको छ ।

पर्वतको जलजला गाउँपालिका-४ मोहनचोकबाट म्याग्दीको मालिका गाउँपालिका-६ रातोढुङ्गा जोड्ने २२ किलोमिटर दूरीको प्रसारण लाइन र रातोढुङ्गामा ३३/११ केभी क्षमताको सबस्टेशन निर्माण भएको हो ।

निर्माण कम्पनी एटुजेड इन्जिनियरिङका प्रतिनिधि पद्मसागर लुइँटेलले प्रसारण लाइनको पोल गाड्ने, तार तान्ने, सबस्टेशनमा संरचना निर्माण र उपकरण जडानको काम सकिएर बिहीबारदेखि परीक्षण सुरु भएको जानकारी दिनुभयो ।

"नेपाल विद्युत् प्राधिकरणको प्राविधिक टोलीले परीक्षणको काम सुरु गरेको छ", उहाँले भन्नुभयो, "परीक्षणपछि कुनै समस्या आएन भने यही डिसेम्बरको अन्तिमसम्म प्रसारण लाइन र सबस्टेशन सञ्चालन गर्ने तयारीमा छौँ ।" विद्युत् प्राधिकरणमार्फत निर्माण कम्पनीले सन् २०१६ मा ठेक्का लिएको सबस्टेशन र प्रसारण लाइन सन् २०१८ को डिसेम्बरमा सक्ने लक्ष्य लिइएको थियो । सुरुआती चरणमा जग्गा अधिग्रहणमा भएको ढिलाइका कारण काम प्रभावित बनेको लुइँटेलले बताउनुभयो ।

उहाँका अनुसार पोल गाड्ने र तार तान्ने क्रममा जग्गाधनीको अवरोधले रोकिएको आयोजनाको काम गत जेठमा चार वर्षपछि सञ्चालन भएको थियो ।

चार वर्षअघि नै सम्पन्न हुनुपर्ने भए पनि निर्माणमा भएको ढिलाइले म्याग्दीको पश्चिमी क्षेत्रमा पर्ने मङ्गला, मालिका र धवलागिरि गाउँपालिकामा केन्द्रीय प्रसारण लाइन विस्तार र विद्युत् आपूर्ति प्रभावित भएको छ ।

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री रेशमबहादुर जुग्जाली, प्रदेशसभा सदस्य हरि भण्डारीलगायतले ऊर्जा मन्त्रालय र प्राधिकरणसँग समन्वय गरेर ठेकेदारलाई काममा फर्काउन पहल गर्नुभएको थियो ।

रातोढुङ्गा सबस्टेशन र प्रसारण लाइन सञ्चालन भएपछि पश्चिमी क्षेत्रको धवलागिरि, मालिका र मङ्गला गाउँपालिकामा केन्द्रीय प्रसारण लाइनको विद्युत् सेवा विस्तारमा सहज हुने प्राधिकरणको म्याग्दी वितरण केन्द्रका प्रमुख प्रताप बरालले बताउनुभयो । "हाल मिलनचोक सबस्टेशनबाट चारवटा फिडरबाट लामो दूरीमा विद्युत् आपूर्ति गराउँदा समस्या भएको छ", उहाँले भन्नुभयो, "बीस किलोमिटर दूरीसम्म एउटा सबस्टेशनबाट विद्युत् आपूर्ति गराउने मापदण्ड भए पनि ८० किलोमिटरसम्म वितरण गर्नुपर्दा नियमित विद्युत् आपूर्ति गराउन भएको समस्या हट्ने अपेक्षा छ ।"

# मुग्लिन-पोखरा सडक : आँबुखैरेनीमा थप साढे तीन किलोमिटर कालोपत्र

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ मंसिर

मुग्लिन-पोखरा सडक विस्तार योजनाअन्तर्गत तनहुँको आँबुखैरेनीमा थप साढे तीन किलोमिटर खण्ड कालोपत्र भएको छ । मुग्लिन-पोखरा सडक विस्तार योजना पूर्वी खण्डले आँबुखैरेनी-३ मा सडक कालोपत्र भएको हो ।

योसहित पूर्वी खण्डमा हालसम्म १२ दशमलव पाँच किलोमिटर एकतर्फी कालोपत्र सकिएको पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । गत मङ्सिर २२ गते आँबुखैरेनी-३ गाउँपालिकाचोकबाट पहिले कालोपत्रभइसकेकोमार्कीचोकसम्म थप कालोपत्रको काम अगाडि बढाइएको थियो । उहाँले भन्नुभयो, "यसअघि बरादीबाट मार्कीचोकसम्म कालोपत्र भइसकेको खण्डमा गाउँपालिका चोकबाट कालोपत्र जोडिएको छ । अब अर्कोतर्फ कालोपत्रको काम अगाडि बढाउने तयारी गरिएको छ ।" यसअघि आँबुखैरेनी-१ सत्रसयबाट सुरु गरेर मार्किचोकसम्म तीन दशमलव पाँच र बन्दीपुर गाउँपालिका-१ नाहालबाट छिर्केनेसम्म पाँच दशमलव पाँच किलोमिटर खण्ड एकतर्फी कालोपत्र भइसकेको छ । उहाँले भन्नुभयो, "दुई ठाउँमा एकतर्फीरूपमा १२ दशमलव पाँच किलोमिटर खण्ड कालोपत्र सकिएको छ । केही समयपश्चात अर्कोतर्फ पनि कालोपत्रको काम हुनेछ ।" पृथ्वीराजमार्गलाई चार लेनमा विस्तार गर्ने उद्देश्यसहित काम भइरहेको मुग्लिन-पोखरा सडक विस्तार आयोजनाको पूर्वी खण्डमा हालसम्म ४२ प्रतिशत काम सकिएको छ । तनहुँको आँबुखैरेनीबाट जामुनेसम्मको उक्त खण्ड ४१ दशमलव पाँच किलोमिटर दूरीको छ ।

आँबुखैरेनीबाट जामुनेसम्मको खण्डमा काम तीव्रगतिमा अगाडि बढेको पाण्डेको भनाइ छ । पूर्वी खण्डमा सडक फराकिलो बनाउने, पक्की पुल तथा कल्भर्ट निर्माणको कामले पनि गति लिएको छ । राजमार्ग विस्तारका लागि पूर्वी खण्डमा घरटहरा हटाउने काम चलिरहेको छ । यो खण्डमा छ सय ३१ घरटहरा भत्काइनेछ । त्यसका लागि रु २२ करोड ४५ लाख मुआब्जा वितरण गरिनेछ ।

पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । ४१ दशमलव ४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ । पश्चिम खण्डअन्तर्गत जामुनबाट पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एण्ड ब्रिज कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ भदौसम्म रहेको छ । पश्चिम खण्डको काम भने १२ प्रतिशत मात्रै सकिएको बताइएको छ । विसं २०२६ सालमा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ ।

चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५-२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ । दुलेगौडाबाट खैरेनीटार बजारसम्म, कोत्रेबजार क्षेत्र र कास्कीको गगनगौडाबाट पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ ।

# तटबन्ध निर्माणपछि बस्ती जोखिममुक्त

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ मंसिर

विसं २०७८ भदौ ९ गते मादीनदीमा आएको बाढीले धेरै घर जोखिम बनायो । व्यास-५ पाटनमा एक सय दुई मिटर र व्यास-३ को भतेरीमा दुई सय ५८ मिटर लामो तटबन्ध निर्माण गरेपछि हाल उक्त क्षेत्र जोखिममुक्त बनेको छ ।।

तटबन्ध निर्माणपछि पाटन क्षेत्रका छ सयभन्दा बढी परिवारले सुरक्षाको अनुभूति गर्न थालेका छन् । व्यास-५ पाटन टोल विकास संस्थाका पूर्वअध्यक्ष कृष्णकुमार श्रेष्ठ नदी कटानका कारण व्यास-५ पाटनका छ सय ६३ र व्यास व्यास-३ भतेरीका चार सय परिवार बाढीको जोखिमबाट मुक्त भएका बताउनुहुन्छ । व्यास नगरपालिकाको पहलमा गण्डकी प्रदेश सरकारको रु दुई करोड ५० लाखको लागतमा तटबन्ध निर्माण गरिएको हो । "स्थानीयबासी बर्षाको समयमा ढुक्क भएर सुत्न र बस्न सक्ने भएका छन्", पूर्वअध्यक्ष श्रेष्ठले भन्नुभयो । तटबन्ध निर्माणपछि नदी प्रभावित क्षेत्रका बासिन्दा खुसी भएका छन् । नदी कटानले गर्दा पाटन र तल्लो पाटन क्षेत्रका करिब एक दर्जन सङ्घसंस्थाका भौतिक संरचनासमेत धरापमा परेको व्यास नगरपालिका सूचना अधिकारी कुमारकञ्चन जिसीले बताउनुभयो ।

व्यास-३ को भतेरीमा तटबन्ध निर्माण गरेपछि तनहुँ ।सदरमुकाम दमौली बजार पनि सुरक्षित भएको छ । यसअघि नदीले करिब ३० मिटर क्षेत्र कटान गरी नदी किनारमा लगाइएका बाँसको गाँजसमेत ढालेर बस्तीतर्फ मोडिएको ।थियो ।

व्यास-६ शिशाघाटदेखि व्यास-५ पाटनसम्म करिब सोह्र किलोमिटर क्षेत्रमा तटबन्ध निर्माण कार्य भइरहेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका इन्जिनियर पुष्पराज श्रेष्ठले जानकारी दिनुभयो । सिद्धान्त अमन निर्माण कम्पनीले प्याकेज-१ रु आठ करोड ६३ लाखमा र प्याकेज-२ रु नौ करोड ३५ लाखमा काम गरिरहेको छ । उक्त योजनाको हालसम्म ४८ प्रतिशत प्रगति भएको डिभिजन प्रमुख प्रकाश लम्सालले जानकारी दिनुभयो ।

# खेलमैदान नहुँदा सडकमै राष्ट्रपति रनिङ शिल्ड

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ मंसिर

बागलुङका १० वटै पालिकामा यतिबेला राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको छ ।

कुनै पालिकाले पाँचौं पटक गर्दै छन्, त कुनैले छैटौं पटक प्रतियोगिता सञ्चालन गरिरहेका छन् । खास गरी माध्यमिक तहमा पढ्ने बालबालिका प्रतियोगितामा सहभागी हुन्छन् र आफ्नो प्रतिभा प्रस्फुटन गर्छन् ।

जिल्लाका धेरै विद्यालयमा खेल मैदानको अभाव छ । तर पनि विद्यार्थी बारीको कुना, सडक र साँघुरा ठाउँमा खेल खेल्दै आएका छन् । धेरै ठाउँका विद्यार्थी मध्यपहाडी लोकमार्गमा बढी खेल्ने गरेको पाइन्छ । खेल्नका लागि राम्रो खेल मैदान नहुँदा लोकमार्गमै खेल खेल्दा दुर्घटनाको जोखिम पनि उत्तिकै छ ।

बागलुङमा अहिलेसम्म पनि व्यवस्थित खेल मैदान नहुँदा यहाँका हजारौँ बालबालिका र खेलाडीलाई खेल्ने र सिक्ने वातावरण राम्रो छैन । यद्यपि बागलुङबाट राष्ट्रियस्तरका खेलाडी धेरै उत्पादन भएका छन् । जिल्ला सदरमुकामस्थित बाङ्गेचौर खेल मैदान, तमानखोलाको तमान मिनी रङ्गशाला र बुर्तिबाङमा रहेको उत्तर गङ्गा माविको खेल मैदान बाहेक अन्य ठाउँमा पर्याप्त खेल्ने ठाउँ छैन ।

जिल्लाका सबै पालिकामा व्यवस्थित खेल मैदान हुनुपर्ने हो तर सरोकारवाला निकायले खेल क्षेत्रलाई उपेक्षामा पारेको खेलाडीहरूको गुनासो छ ।

हरेक वर्ष पालिकाले सञ्चालन गर्ने राष्ट्रपति रनिङ शिल्डलगायतका प्रतियोगितात्मक कार्यक्रम कि सडकमा कि विद्यालयको प्राङ्गणमा गर्दै आएका छन् । जसले गर्दा सडकमा दुर्घटना हुने जोखिम बढेको छ भने विद्यालयमा पढाई रोकेर कार्यक्रम गर्नुपर्ने अवस्था छ । हरेक वर्ष पालिकाले सञ्चालन गर्ने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता गर्दा खेल मैदानको अभाव भोग्दै आए पनि व्यवस्थापन गर्नतर्फ चासो दिएका छैनन् । विद्यालय र गाउँपालिकामा व्यवस्थित खेल मैदान नहुँदा वर्षौंदेखि आफूहरू सडकमै खेल खेल्ने र अभ्यास गर्ने गरेको निसीखोला गाउँपालिका-५का बिमल घर्ती मगरले बताउनुभयो । उहाँले विद्यालयले दौड, कबड्डीलगायतका खेल लोकमार्गमा खेलाउने गरेको भन्दै समय समयमा विद्यार्थीहरू लडेर चोटपटक लाग्ने गरेको सुनाउनुभयो । उहाँले भन्नुभयो, "विद्यालयको खेल मैदान बाहेक अन्य ठाउँमा पनि व्यवस्थित खेल मैदान हुनुपर्ने हो, तर कतै पनि छैन, हाम्रो निसीखोलामा धेरै मेला महोत्सव लाग्छन्, ती मेला महोत्सव सबै विद्यालयमा लाग्ने गर्छन्, त्यसले गर्दा धेरै दिन विद्यालय बन्द हुन्छ, मेलाले गर्दा पढाइँ रोकिने समस्या धेरै वर्ष पहिले देखियो, स्थानीय सरकार छ, तर अहिलेसम्म राम्रो खेल मैदान बनाउन सकेको छ, खेल क्षेत्रको विकासका लागि लगानीसमेत गरेको पाइँदैन ।" निसीखोला गाउँपालिकाका सूचना अधिकारी पुरुषोत्तम गौतमले अहिलेसम्म पालिकामा खेल मैदान निर्माण नभएको जानकारी दिनुभयो ।

यस वर्ष गाउँपालिका-७ को नरसिंहकोटमा पालिकास्तरीय खेल मैदान बनाउने गरी निर्णय गरेको भन्दै आगामी वर्ष बजेट विनियोजन गरेर निर्माण गर्ने गौतमको भनाइ छ । खेल क्षेत्रको प्रवर्द्धनका लागि पालिकाका विभिन्न ठाउँमा खेल मैदान आवश्यक रहेको छ निर्माणका लागि योजना बनाएको उहाँ बताउनुहुन्छ । जिल्लाको ढोरपाटन नगरपालिका, बडिगाड गाउँपालिका, काठेखोला गाउँपालिका, बरेङ गाउँपालिका, जैमिनी नगरपालिकामा पनि व्यवस्थित खेल मैदान बन्न सकेका छैनन् । गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले पालिकाको ग्रामीण क्षेत्रमा खेल मैदान भए पनि बजार आसपासमा नभएको बताउनुभयो ।

बजार क्षेत्रमा जग्गा व्यवस्थापन गर्न समस्या भएको हुँदा विद्यालयमै कार्यक्रम गर्दै आएको उहाँको भनाइ छ । नगरपालिका-१ दुदिलाभाटी, वडा नम्बर ८ को काँडबास र वडा नम्बर ११ को रिघामा खेलमैदान रहेको भण्डारीले बताउनुभयो ।

"गलकोट नगरपालिकामा खेल मैदान नभएका होइनन्, गाउँका केही ठाउँमा छन्, तर पालिकास्तरीय कार्यक्रम गर्नु पर्दा बजारमै खेल मैदान नहुँदा नजिकका विद्यालयमा गर्ने गरेका छन्, यस क्षेत्रमा धेरै युवा र बालबालिका भलिबल खेलप्रति बढी चासो देखाउने गरेका छन्, त्यसले गर्दा जग्गा पाइने ठाउँहरूमा खेल मैदान बनाउने गरी काम गरेका छौँ" उहाँले भन्नुभयो, "विद्यालयमा पनि व्यवस्थित खेल मैदानको जरुरी हुन्छ, नगरपालिकाले साँघुरा र अप्ठ्यरा मैदानलाई व्यवस्थित बनाउने तयारीमा छ ।"


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९९६/०५/१० गते
शनिबार

स्वर्गारोहणः
वि.स. २०८०/०८/१८ गते
सोमबार

**स्व. राम माया श्रेष्ठ**

यस भद्रकाली परोपकार सीः गुठी परिवारका सदस्यहरु हर्क बहादुर श्रेष्ठ, अशोक कुमार श्रेष्ठ, लक्ष्मी कुमार श्रेष्ठ, शोभा श्रेष्ठ एवं शुभचिन्तक भिम कुमार श्रेष्ठका ममतामयी माता राम माया श्रेष्ठको ८४ वर्षको उमेरमा आफ्नै निवासमा भएको असामयिक स्वर्गारोहणले हामीलाई स्तब्ध तुल्याएको छ । यस दुःखद घडीमा आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै शोकसन्तप्त परिवारजनहरुप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**दीर्घनारायण श्रेष्ठ**
**नायः**
**भद्रकाली परोपकार सीः गुठी परिवार**
**पोखरा-१३**


# रोकिएन महिला र बालबालिका हराउने क्रम

**पोखरापत्र संवाददाता**
लमजुङ, २९ मंसिर

प्रहरी तथा सम्बन्धित निकायले विभिन्न सचेतनामूलक कार्यक्रम गरे पनि गण्डकी प्रदेशअन्तर्गत पहाडी जिल्ला लमजुङमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक हराउने क्रम भने बढदै गएको छ । चालु आर्थिक वर्षको साउनदेखि हालसम्म ४४ महिला, बालबालिका र पुरुष हराएका छन् ।

हराउनेमा २१ महिला, एक बालक, सात बालिका, चार ज्येष्ठ नागरिक र ११ पुरुष रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक थानेश्वर चपाईंले बताउनुभयो । उहाँका अनुसार हराएकामध्ये १७ महिला, एक बालक, छ बालिका, तीन ज्येष्ठ नागरिक र तीन पुरुष फेला परेका छन् । अझै चार महिला, एक बालिका, एक ज्येष्ठ नागरिक, आठ पुरुष भेटिएका छैनन् । हराएका व्यक्तिहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

आर्थिक वर्ष २०७९/८० मा महिला, बालबालिका, ज्येष्ठ नगारिक तथा पुरुष गरी ९८ जना हराएका थिए । हराउनेमा महिला ४८, पुरुष २४ बालक नौ, बालिका २१, ज्येष्ठ नगारिक पाँच जना हराएको प्रहरीले जनाएको छ । हराउनेमध्ये ४१ महिला, १८ पुरुष, नौ बालक, २१ बालिका र चार ज्येष्ठ नागरिक र फेला परेका थिए भने सात महिला, एक ज्येष्ठ नागरिक र छ पुरुषको खोजी भइरहेको जनाइएको थियो । आर्थिक वर्ष २०७८/७९ मा महिला, बालबालिका, ज्येष्ठ नागरिक र पुरुष गरी एक सय २१ जना हराएका थिए । हराउनेमा ६२ महिला, पाँच बालक, २७ बालिका, एक ज्येष्ठ नागरिक र २६ पुरुष थिए । हराएकामध्ये ५५ महिला, पाँच बालक, २७ बालिका, एक ज्येष्ठ नागरिक र २१ पुरुष फेला परेका थिए भने सात महिला, एक बालिका, पाँच पुरुषको खोजी भइरहेको जनाइएको थियो । आर्थिक वर्ष २०७७/७८ को साउनदेखि असारसम्ममा ९७ महिला, बालबालिका, पुरुष र ज्येष्ठ नागरिक हराएका थिए । हराएकामध्ये १४ महिला, दुई बालिका, एक ज्येष्ठ नागरिक र दुई पुरुष बेपत्ता थिए ।

यसरी महिला तथा बालबालिका हराउनुमा वैदैशिक रोजगार, अन्तरजातीय प्रेम, सामाजिक सञ्जालको दुरुपयोग, गलत साथीको सङ्गत, घरझगडा, प्रेममा धोकालगायत कारणले महिला तथा बालबालिका हराउने गरेको पाइएको छ । प्रहरीले खोजीका लागि अग्रसरता देखाउँदै आए पनि यी हराएकामध्ये फेला परेका भने अधिकांश आफन्तको सम्पर्कमा आएको देखिन्छ ।